आठ

# नेपाल टेलिभिजनका वृत्तचित्र

टङ्क उप्रेती

वृत्तचित्र एउटा जीवन्त र गतिशील विधा हो । इतिहासका विभिन्न कालखण्डमा यो विधाले धेरै चुनौती सामना गर्दै अघि बढेको छ । वृत्तचित्रका विषयवस्तुको प्रश्न, प्रस्तुतिको ढङ्ग र शैलीका चुनौती, निष्पक्षता र दृष्टिकोणका सवाल, यथार्थको सिर्जनात्मक व्याख्या भित्रका लचकता र सीमाका रेखाहरूसँग जुध्दै वृत्तचित्र निर्माताहरू अघि बढ्दै आएका छन् । यस लेखमा नेपाल टेलिभिजनका वृत्तचित्रको विषयगत विविधताबारे केलाउन खोजिएको हो । यस लेख मूलतः चार खण्डमा बाँडिएको छ । आरम्भमा पृष्ठभूमि खण्डले अध्ययनको सन्दर्भ स्थापित गर्दै, औचित्य र अध्ययन विधिलाई स्पष्ट पारेको छ । यो खण्डले यस अघिका अध्ययनहरूको आलोचनात्मक ढङ्गले सार प्रस्तुत गर्दै अध्ययनको आवश्यकता र खाका प्रस्तुत गरेको छ । दोस्रो खण्डमा नेपालमा उत्पादित कुल वृत्तचित्रको सङ्ख्या, तिनमा स्टेसनहरूको अंश र नेपाल टेलिभिजनका वृत्तचित्रहरूको विषयगत वर्गीकरण छ । तेस्रो खण्डमा नेपाल टेलिभिजनका वृत्तचित्रको स्तर, काम गर्ने वातावरण र प्रस्तुतिको शैलीबारे त्यहाँका वृत्तचित्रकर्मीहरूको धारणा केलाइएको छ । अन्तिम खण्डमा यस अध्ययनको सार खिच्दै वृत्तचित्रको विविधता र अभ्यासका बारेमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## पृष्ठभूमि

चलचित्र र टेलिभिजनको क्षेत्रमा अलग एवं महत्त्वपूर्ण विधाका रूपमा रहेको वृत्तचित्रले मानव सभ्यता निर्माणका विविध आयामहरूलाई अभिलेखन गरेको छ । साथसाथै त्यससँग सम्बन्धित विभिन्न घटना, मुद्दा, प्रश्न, प्रभाव एवं विचार र अनुभूतिको गहिराइलाई समेत गैर आख्यानात्मक ढङ्गले सार्वजनिक रूपमा प्रस्तुत गर्दै आएको छ ।

वृत्तचित्रको चासो मानिस, घटना, वातावरण र स्थानसँग छ, जुन वास्तविक हुन्छन् (बेलावदी सन् २००८) । वृत्तचित्रको माध्यमबाट समाजका विविध पक्षलाई प्रभावकारी ढङ्गले उजागर गर्ने चुनौतीपूर्ण कार्य एक शताब्दीभन्दा लामो समयदेखि हुँदै आएको छ । सन् १८९० को दशकमा भएको सिनेमाको उदयसँगै वृत्तचित्र पनि जन्मिएको हो । यद्यपि यसको 'डकुमेन्ट्री' नामाकरण भनी सन् १९२५ पछि जोन ग्रिएरसनले रोवर्ट फ्लाहेर्टीको फिल्म *मोआना*को समीक्षाका क्रममा गरेका हुन् (वेल्स सन् २००२) । लुमेयर ब्रदर्सले सन् १८९५ मा निर्माण गरेका 'अर्ली सिनेमा' लाई नै प्रथम वृत्तचित्रका रूपमा लिने गरिन्छ । उक्त वृत्तचित्र बनेको ३० वर्षपछि यो 'सिनेम्याट्रिक' प्रकाशनको एक माध्यम – वृत्तचित्रलाई ग्रिएरसनले 'यथार्थताको सिर्जनात्मक व्याख्या' भन्दै वास्तविक सामग्री (फुटेज) हरूलाई सिर्जनात्मक प्रक्रियाबाट सत्यको उद्घाटन गर्ने विधाका रूपमा परिभाषित गरेका छन् (वेल्स सन् २००२) ।

सिर्जनशील, आलोचनात्मक चेत भएका प्रखर विश्लेषक र सामाजिक यथार्थका कुनाहरू प्रकाशित गर्न सक्षम मेधावी जनशक्तिले नै यो वृत्तचित्रलाई गतिशील बनाएका छन् । यसमा संलग्न व्यावसायिक जनशक्तिले यी अहम् प्रश्नमा सक्रिय रूपमा चासो राख्नु र मस्तिष्क मन्थन गर्नु त सामान्य कुरा भयो । यसका अतिरिक्त वृत्तचित्र माध्यम प्राज्ञिक रुचिको पनि त्यत्तिकै महत्त्वपूर्ण विधा भएको छ । वृत्तचित्र किन बनाइन्छ ?, वृत्तचित्र कता जाँदै छ ?, कसरी र कता जानु पर्छ ?, कस्ता विषयवस्तु यसले समेट्नु पर्छ ?, वृत्तचित्र निर्माताको भूमिका के हो ?, वृत्तचित्रले कस्तो शैली अपनाउनु पर्छ ?, सामाजिक र राजनीतिक मुद्दाहरूमा वृत्तचित्र कसरी सान्दर्भिक हुन सक्छन् र यी मुद्दालाई तार्किक निष्कर्षमा पुऱ्याउन कसरी सघाउन सक्छन् ? जस्ता प्रश्नको उत्तर दिने र वृत्तचित्रका विभिन्न पक्षलाई सैद्धान्तिकीकरण गर्ने अभ्यास पनि लामो समयदेखि नै हुँदै आएको छ (हेर्नुहोस् स्टोट सन् १९७३; रोजेन्थल सन् १९८८; विन्स्टन सन् २०००; वेल्स सन् २००२ र नेल्म्स सन् २००२) ।

नेपालको सन्दर्भमा व्यावसायिक जनशक्ति र प्राज्ञिक क्षेत्र दुवैको लागि नै वृत्तचित्रको सामर्थ्य, सामाजिक उपादेयता र प्रवृत्ति बहसको केन्द्रीय विषय बन्न सकेका छैनन्। वृत्तचित्रमाथि अत्यन्त सीमित अध्ययन भएका छन्। यस्ता अध्ययन पनि वृत्तचित्रमाथि नै केन्द्रित नभई अन्य विषयका लेखहरूमा सन्दर्भवश आउने प्रसङ्ग नै धेरै छन्। भट्टराई र मैनाली (सन् २००१) ले नेपालमा वृत्तचित्र निर्माणबारे महत्त्वपूर्ण तथ्यहरूको सङ्कलन गरेका छन्। नेपालमा वृत्तचित्रको इतिहास खोजी गर्ने क्रममा उनीहरूले जनरल मदन शमशेरले (सन् १९४० को दशकमा) व्यक्तिगत भिडियो रेकर्ड गरेको तथ्य प्रस्तुत गरेका छन्। नेपालमा विदेशीहरूले 'सेलुलाइड' माध्यममा दृश्याङ्कन गरेका थिए। उनीहरूका अनुसार टोनी हेगनले सन् १९५० र १९६१ ताका नेपालको १४ हजार वर्ग किलोमिटर सर्वेक्षण गर्ने क्रममा छायाङ्कन गरेका थिए। अमेरिकी सूचना सेवा केन्द्रले २०१३ सालमा निर्माण गरेको *द हिमालयन अवेकनिङ* नामक वृत्तचित्रलाई प्रथम वृत्तचित्र मानेका छन् भट्टराई र मैनालीले। तर चेतन कार्की भने सन् १९६२ मा हिरा सिंहले राजा महेन्द्रको ४२ औँ जन्मदिवसका अवसरमा बनाएको 'न्यूजरिल' वृत्तचित्र नै प्रथम नेपाली वृत्तचित्र भएको दावी गर्छन् (कार्की सन् २००२)।

नेपाली वृत्तचित्रहरू तथ्यलाई प्रस्तुत गर्ने खालका मात्र छैनन्, शिक्षामूलक र मनोरञ्जनात्मक पनि छन्। वर्ल्डभ्यू इन्टरनेसनल फाउण्डेसनले नेपाल टेलिभिजनको पूर्वाधार निर्माणको क्रममा दिएको तालिम नै नेपाली वृत्तचित्र निर्माणको आधारशिला बन्यो। तर 'विकासको लागि सञ्चार' को मूल ध्येयसहित स्थापित नेपाल टेलिभिजनका निर्मातालाई शाही भ्रमण र गतिविधिलाई र सरकारी गतिविधिलाई वर्णनात्मक ढङ्गले वृत्तचित्रको माध्यमबाट अभिलेखन गराउनमा प्रयोग गरियो (भट्टराई र मैनाली सन् २००१)। सन् १९९० पछि गैरसरकारी संस्थाहरूले प्रायोजन गरेका र विकासे वृत्तचित्र निर्माणका क्रम बढेको छ। यस्ता वृत्तचित्रप्रति सङ्केत गर्दै अनुप सुवेदी लेख्छन्, "अहिले व्यापकता पाएको वृत्तचित्रले मूल रूपमा सन् १९९० पछि फैलिएका गैरसरकारी संस्थाका प्रगति विवरण देखाउने काम गर्दै आएको छ। यस्तो अवस्थाले नेपालमा वृत्तचित्र प्रतिको धारणालाई विकृत पारेको छ" (सुवेदी २०६३ : २२-२३)।

भट्टराई र मैनाली (सन् २००१) ले उत्कृष्ट वृत्तचित्रहरू नेपाल टेलिभिजनबाट सार्वजनिक प्रदर्शन गर्न नसकिने हुन सक्छ भन्ने टिप्पणी गरेका छन्। नेपाल टेलिभिजनको 'प्रसारणयोग्य' को अमूर्त परिभाषाका कारण विषय र प्रस्तुति दुवै दृष्टिले राम्रा वृत्तचित्र प्रसारित नहुन सक्छन्। तर त्यस्ता वृत्तचित्र नेपाल टेलिभिजन आफैँले उत्पादन गरी प्रसारण गरेको र यस्ता वृत्तचित्रले अन्तर्राष्ट्रिय

पुरस्कार पनि जितेका तथ्य पनि छन् । *थारू, गुरुङ, छाउपडी*ले अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेका छन् । अझ *मिसेस एचआइभी स्टिग्मा फ्रि - २००५* ले त एसिया प्यासिफिक क्षेत्रकै सर्वोत्कृष्ट पुरस्कार प्राप्त गरेको छ (वर्मा २०६३) ।

नेपाली वृत्तचित्रबारे भएका अध्ययनले मूलतः इतिहासको खोजी गरेका छन् र अभ्यासका केही पक्षलाई मात्र ध्यान दिएका छन् । नेपालले अपनाएको उदार सञ्चार नीति, बढ्दो बजार र सस्तो प्रविधिबाट निजी क्षेत्र पनि टेलिभिजन सञ्चालनमा सक्रिय हुन थालेका छन् । निजी च्यानलहरूले के कति वृत्तचित्र निर्माण गरेका छन् ? तीमध्ये जेठो संस्था नेपाल टेलिभिजनको अंश कति छ र त्यहाँका वृत्तचित्रहरूमा विषयगत विविधता कस्तो छ ? भन्ने विषयमा कुनै व्यवस्थित अध्ययन भने भएको पाइँदैन ।

नेपाल टेलिभिजनका वृत्तचित्रहरूको विषयगत विविधता र प्रस्तुतिको शैली बुझ्न र नयाँपनको खोजी गर्ने वातावरणबारे वृत्तचित्र उत्पादनमा सक्रिय व्यक्तिहरूको धारणा बुझ्ने उद्देश्यले यो अध्ययन गरिएको हो । यो अध्ययन सात ओटा च्यानल– नेपाल टेलिभिजन, एनटिभी टु, कान्तिपुर टेलिभिजन, ईमेज च्यानल, च्यानल नेपाल, सगरमाथा टेलिभिजन र एभिन्यूज टेलिभिजनले निर्माण गरेको वृत्तचित्रहरूको सङ्ख्यात्मक अध्ययनमा आधारित छ । नेपाल वान टेलिभिजन पनि नेपाली भाषाको र नेपाली दर्शक लक्षित च्यानल हो तापनि भारतीय कानुनका आधारमा स्थापित भारतीय च्यानल भएकोले यो अध्ययनमा त्यसलाई समावेश गरिएको छैन । नेपाली टेलिभिजन च्यानलबाट उत्पादित वृत्तचित्रमध्ये कसको अंश कति छ भन्नेबारे यहाँ खोलिएको छ । तर पनि यो लेख जेठो टेलिभिजन संस्था नेपाल टेलिभिजनका वृत्तचित्रमै मूल रूपमा केन्द्रित छ ।

पछिल्लो दशकमा स्वतन्त्र रूपमा वृत्तचित्र निर्माण गर्ने क्रम नेपालमा पनि बढेको छ । धेरै प्रतिभाशाली सिर्जनशील व्यक्ति यस क्षेत्रमा आकर्षित भई सक्रिय रूपमा वृत्तचित्र निर्माणमा संलग्न हुँदै आएका छन् । गैरसरकारी क्षेत्रबाट देशका विभिन्न भागमा सञ्चालित वृत्तचित्र मेलाहरूले यस्तो क्रम बढाएका छन् । यस्ता महोत्सवमा वृत्तचित्रहरूको प्रदर्शनका साथै यससँग गाँसिएका मुद्दाहरूबारे सार्वजनिक बहस समेत हुने गरेका छन् । प्रदर्शित वृत्तचित्रहरूको समीक्षा, पर्दा पछाडिका कथाहरूबारे संलग्न वृत्तचित्रकर्मीहरूसँगको खुला छलफल, प्रतियोगिता, अन्तर्क्रिया र बृहत्तर अन्तर्राष्ट्रिय क्षेत्रसँगको सम्पर्क र पहुँचका लागि हुन सक्ने सहजता जस्ता कारण यस्ता महोत्सवहरू वृत्तचित्रकर्मीहरूका लागि सुनौला अवसर बनेका छन् । नेपालमा स्वतन्त्र रूपमा वृत्तचित्र निर्माणको अवस्था, प्रवृत्ति, वातावरण, समाजसँगको सम्बन्ध र प्रभाव लगायतका विषयमा

अध्ययन गरिनु आवश्यक भइसकेको छ । तर यो लेखले भने स्वतन्त्र उत्पादन गृह, स्वतन्त्र वृत्तचित्र निर्माता तथा गैरटेलिभिजन संस्थाबाट उत्पादित वृत्तचित्रलाई समेटेको छैन । यहाँ टेलिभिजन वृत्तचित्रबारे मात्रै विश्लेषण छ । त्यसैले यो अध्ययनले नेपाली उद्योगमा वृत्तचित्रसम्बन्धी एक ठोस तस्वीर प्रस्तुत गरे पनि अझ विस्तृत र गहिरो अध्ययनको आवश्यकतालाई इङ्गित गरेको छ । यो अध्ययनको दृष्टिकोण पनि विषयगत विविधता र अभ्यासका केही पक्षमा मात्र सीमित छ । यो अध्ययनले वृत्तचित्रमा दृष्टिकोण र निष्पक्षताको प्रश्न, सामाजिक-राजनीतिक सम्बन्ध, वृत्तचित्रको दिशा, भाषाको प्रयोग, वृत्तचित्रको शक्तिलगायतका मुद्दाहरू र अन्तर्वस्तुका अनेक पक्षलाई समेट्न सकेको छैन ।

यो अध्ययन मूलतः परिमाणात्मक विधिबाटै गरिएको छ । विभिन्न स्टेसनमा भएका वृत्तचित्रसम्बन्धी अभिलेखलाई व्यवस्थित गर्दै तुलनात्मक अध्ययन गरिएको छ । यस बाहेक नेपाल टेलिभिजनका वृत्तचित्रहरूको उपलब्ध अभिलेखका आधारमा तिनको प्रकृतिअनुसार विभिन्न समूहमा सूचीकरण गरिएको छ ।[१] यो अध्ययनमा मूलतः विवरणात्मक तथ्याङ्ककै प्रयोग भएको छ । वृत्तचित्रका स्तर, काम गर्ने वातावरण र शैलीगत प्रवृत्तिबारे यस क्षेत्रमा कार्यरत केही व्यक्तिहरूसँग अन्तर्वार्ता पनि गरिएको थियो । व्यक्तिगत अन्तर्वार्तामा पनि संरचित (स्ट्रक्चर्ड) अन्तर्वार्ता उपयुक्त हुने ठानी यो अध्ययनका लागि प्रयोग गरिएको छ । यो विधिमा पूर्व निर्धारित प्रश्नावलीकै प्रयोगबाट उत्तरका विविध सम्भावनाहरू खोजिन्छ (गुन्टर सन् २०००) ।

## नेपालमा टेलिभिजन वृत्तचित्र

नेपाली टेलिभिजन उद्योगमा सक्रिय सात ओटा च्यानलले निर्माण गरी प्रसारण गरेका वृत्तचित्रको खोजी गर्दा वृत्तचित्र उत्पादन र प्रसारणमा सबैभन्दा ठूलो अंश नेपाल टेलिभिजनकै छ (हेर्नुहोस् तालिका ८.१) ।

नेपाली टेलिभिजन संस्थाहरूले उत्पादन गरेका कुल २,७१६ ओटा वृत्तचित्रमध्ये झण्डै ९३ प्रतिशत अंश नेपाल टेलिभिजनले ओगटेको देखिन्छ । यसो हुनुका पछाडि स्थापनाको इतिहासले प्रमुख रूपमा योगदान गरेको छ । सन् १९८५ बाट सुरू भएको नेपाल टेलिभिजनको कार्यक्रम उत्पादन र प्रसारणको यात्रा सन्

---

१ यसरी समूहमा बाँड्दा निकै जटिलता सामना गर्नु परेको थियो । कतिपय वृत्तचित्र दुई वा बढी समूहमा राख्न मिल्ने प्रकृतिका थिए । यस्तो अवस्थामा अन्तर्वस्तुमा कुन समूहमा मिल्ने तत्त्वहरू बढी छन्, त्यसकै आधारमा बढी मिल्ने समूहमा सूचीकृत गरिएको छ ।

२००१ सम्म एक्लो नै रह्यो । लगभग १६ वर्षको यो समयसम्म यसले उत्पादन गरेका वृत्तचित्रको सङ्ख्या र यसपछिको समयमा पनि वृत्तचित्र उत्पादनको निरन्तरताले यो अंश अन्य टेलिभिजनको तुलनामा धेरै ठूलो हुनु अस्वाभाविक होइन । सरकारी स्वामित्वको टेलिभिजन भएकोले राष्ट्रिय प्रसारण ऐन २०४९ र यस अघिका राष्ट्रिय सञ्चार सेवा योजना आदिले लक्षित गरेका मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधिबारे जनतालाई जानकारी गराउँदै विभिन्न जातीय, वर्गीय र धार्मिक समुदायको बीच सहिष्णुता र सहअस्तित्वको भावना जगाउने जिम्मेवारी पूरा गर्न नेपाल टेलिभिजनले वृत्तचित्रलाई प्रमुख विधाका रूपमा मानेको देखिन्छ (आचार्य सन् २००२) । संयुक्त अधिराज्यमा बीबीसीले 'ग्रियरसनीयन वृत्तचित्र अभियान' लाई आफ्नो सार्वजनिक प्रसारणका लागि अनुसरण गरे जस्तै (विन्स्टन सन् २०००) नेपाल टेलिभिजनले पनि शैक्षिक, सामाजिक र सांस्कृतिक प्रबर्द्धनका लागि वृत्तचित्रको पर्याप्त उपयोग गरेको पाइन्छ ।

**तालिका ८.१ : नेपालमा टेलिभिजन वृत्तचित्र**

| च्यानल | वृत्तचित्रको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नेपाल टेलिभिजन (एनटिभी टु समेत) | २५१४ | ९२.५६ |
| ईमेज च्यानल | १०० | ३.६८ |
| सगरमाथा टेलिभिजन | ४० | १.४६ |
| कान्तिपुर टेलिभिजन | ३६ | १.३३ |
| च्यानल नेपाल | १६ | ०.५९ |
| एभिन्यूज टेलिभिजन | १० | ०.३६ |
| **जम्मा** | **२७१६** | **१००** |

स्रोतः सम्बद्ध टेलिभिजन संस्थाहरू, २०६५ ।

निजी क्षेत्रका टेलिभिजनले कुल वृत्तचित्र उत्पादनको आठ प्रतिशतभन्दा कम अंश ओगटेका छन् । तीमध्ये ईमेज च्यानल र च्यानल नेपालले मनोरञ्जनात्मक कार्यक्रमहरूमा जोड दिएका छन् । गीत, सङ्गीत, सङ्गीतसम्बद्ध कुराकानी र नियमित समाचारमा यी संस्थाका कार्यक्रम बढी मात्रामा केन्द्रित देखिन्छन् । त्यसै गरी कान्तिपुर टेलिभिजनको कार्यक्रमका अन्तर्वस्तु समाचार र समाचारमूलक नै रहेका छन् भने सगरमाथा र एभिन्यूज टेलिभिजन घोषित रूपमै समाचार च्यानल हुन् । तालिका ८.१ मा देखाइएझैँ ईमेज च्यानलले १०० ओटा, सगरमाथा टेलिभिजनले ४० ओटा, कान्तिपुरले ३६ ओटा, च्यानल नेपालले १६ ओटा र एभिन्यूजले १० ओटा मात्र वृत्तचित्र निर्माण गरेका छन् ।

यी टेलिभिजनमध्ये केही भरखरै सुरु भएका र कुनै झण्डै २५ वर्ष पुगिसकेका हुनाले वृत्तचित्र निर्माणको प्राथमिकता बुझ्न प्रत्येक टेलिभिजन संस्थाको वार्षिक औसत उत्पादन दर हेरिनु बढी वैज्ञानिक हुन्छ। सो आधारमा पनि वृत्तचित्र उत्पादनमा नेपाल टेलिभिजन नै सबैभन्दा अगाडि देखिन्छ। नेपाल टेलिभिजन (एनटिभी टु समेत) को वार्षिक औसत वृत्तचित्र उत्पादन दर ११४ ओटा रहेको छ। समग्र नेपाली टेलिभिजन उद्योगमा नेपाल टेलिभिजनपछि सगरमाथा टेलिभिजन आउँछ। यसको निर्माणको वार्षिक औसत दर ४० ओटा रहेको छ। यस प्रकार सगरमाथा टेलिभिजन स्थापनाको पहिलो वर्षमै निजी क्षेत्रको सबैभन्दा बढी वृत्तचित्र निर्माण गर्ने टेलिभिजन संस्था बन्न पुगेको छ। समाचार च्यानलको रूपमा आएको सगरमाथा टेलिभिजनको उत्पादनमा वृत्तचित्र कसरी प्राथमिकतामा पऱ्यो ? चासोको विषय बनेको छ।

सगरमाथा टेलिभिजनमा वृत्तचित्र निर्माणमा मूलतः दुई कारण जिम्मेवार छन्। पहिलो, स्टेसनले आफूसँग भएका सीमित उपकरण र जनशक्तिलाई अधिकतम उपयोग गर्ने नीतिका कारण वृत्तचित्र बनेका छन्। समाचार सङ्कलन गर्न कुनै स्थानमा पुग्दा समाचारका अतिरिक्त स्थान परिचय, पर्यटकीय-सांस्कृतिक महत्त्वका सामग्री पनि सँग-सँगै खिचेर ल्याउने र पछि वृत्तचित्र निर्माण गर्ने अभ्यास सगरमाथा टेलिभिजनमा अत्यधिक छ। दोस्रो, सधैँ समाचारले मात्रै प्रसारण समय नभरिने भएकोले फिलरको रूपमा प्रसारण गर्न यस्ता वृत्तचित्रहरू निर्माण गरिएका हुन्। सङ्ख्यात्मक रूपमा उल्लेख्य सङ्ख्यामा वृत्तचित्र निर्माण भए पनि सगरमाथा टेलिभिजनले यो माध्यमलाई उच्च महत्त्व दिएरै वृत्तचित्र उत्पादन र प्रसारण गरेको भन्ने त्यहाँ कार्यरत पत्रकार मान्दैनन्। "चौबीस घण्टे न्यूज च्यानलमा फिलरको रूपमा प्रसारण गर्न न्यूज लिन कतै जाँदा बढी फुटेज खिची वृत्तचित्र बनाउने" अभ्यास त्यहाँ रहेको छ।[२] वृत्तचित्रका लागि विषय चयन, अनुसन्धान, योजना, आवश्यक उपकरणको व्यवस्था लगायतका व्यवस्थित चरणहरू पूरा गरी निर्माण गरिने भन्दा पनि तत्कालै जनचासोका विषयमा कार्यक्रम उत्पादन गर्ने अभ्यास सगरमाथा टेलिभिजनमा रहेको पाइन्छ।

नेपाली टेलिभिजन उद्योगमा वार्षिक औसत उत्पादन दरका दृष्टिले तेस्रो स्थानमा (वार्षिक १० ओटा) एभिन्यूज टेलिभिजन रहेको छ। त्यसैगरी वृत्तचित्र निर्माणको औसत वार्षिक उत्पादन दर ईमेज च्यानलको ८, कान्तिपुर टेलिभिजनको ७ र च्यानल नेपालको २ रहेको छ। वृत्तचित्र निर्माण खर्चिलो हुने र लामो समय

---

२ सगरमाथा टेलिभिजनका पत्रकार निर्मल अर्यालसँगको कुराकानी।

अनुसन्धान तथा उत्पादनमा लगाउनुपर्ने भएकाले निजी क्षेत्रका च्यानलहरूले यो विधालाई कम प्राथमिकता दिएको हुन सक्छ ।

निजी क्षेत्रका टेलिभिजनको प्राथमिकतामा वृत्तचित्र विधा नपर्नुको मुख्य कारण यसको लगानीबाट प्राप्त हुने प्रतिफल पनि हो । उत्कृष्ट वृत्तचित्र निर्माण गर्न अनुसन्धानदेखि उपकरण र सम्बद्ध जनशक्तिको पारिश्रमिकसम्म जोड्दा लगानीको आयतन ठूलै हुन जान्छ । तर यसको प्रतिफल विज्ञापन वा प्रायोजनबाट प्राप्त हुने गरेको खासै पाइँदैन । त्यसैले पनि निजी टेलिभिजनका व्यवस्थापकको चयनमा सामान्यतया यो विधा पर्दैन ।

## नेपाल टेलिभिजनमा वृत्तचित्र

नेपाल टेलिभिजनको दुई दशकभन्दा लामो यात्रामा बनेका वृत्तचित्रहरूको वास्तविक तस्वीर प्राप्त गर्न कठिन छ । विभिन्न फर्म्याटमा निर्माण गरिएका वृत्तचित्र हेर्नका लागि पनि सम्बन्धित फर्म्याटका ठीक अवस्थाका डेकहरूको पनि अभाव छ ।

नेपाल टेलिभिजनको दृश्य सङ्ग्रहालयमा कुल वृत्तचित्र झण्डै ६३ हजार मिनेटका छन् । ती वृत्तचित्र एउटै समूहमा दर्ता गरिएका छैनन् । वृत्तचित्र दर्ता गरिने डीपी (डकुमेन्ट्री प्रोग्राम) अन्तर्गतका अभिलेखमा कुल १,३२८ ओटा क्यासेटमा २,४८७ ओटा वृत्तचित्र दर्ता गरिएका छन् । तर *सङ्घर्ष* (स्टुडियोमा आधारित कुराकानी), *स्पर्श* (कुराकानीको खण्डसमेत रहेको भिडियो म्यागेजिन), *काँचुली* (स्टुडियो कुराकानी), मिस नेपाल प्रतियोगिताजस्ता २१० ओटा गैरवृत्तचित्र प्रकृतिका कार्यक्रमहरू पनि दर्ता भएका देखिन्छन् । त्यसैले त्यहाँ डीपीमा दर्ता भएका सबै कार्यक्रम वृत्तचित्र होइनन् । त्यसै गरी नेपाल टेलिभिजनले दीर्घकालीन महत्त्वका विशेष कार्यक्रमहरूलाई एसपी (स्पेसल प्रोग्राम) अन्तर्गत दर्ता गर्ने गरेको छ । यस समूहमा अन्तर्राष्ट्रिय महत्त्वका शिखर सम्मेलनहरू, महत्त्वपूर्ण व्यक्तिहरूको भ्रमणसम्बन्धी दृश्य र कार्यक्रमका साथै राष्ट्रिय व्यक्तित्वहरूका जीवनीमा आधारित व्यक्तित्वमूलक कार्यक्रमका अभिलेख राखेको छ । यस अन्तर्गत राखिएका कुल ५५९ शीर्षकमध्ये १५९ ओटा वृत्तचित्र हुन् । यस्ता वृत्तचित्रमा *व्यक्ति व्यक्तित्व* र *समर्पण* कार्यक्रमअन्तर्गत बनेका जीवनीमूलक वृत्तचित्रहरू प्रमुख हुन् ।

नेपाल टेलिभिजनले राजा, रानी, राजदरबार र राजपरिवारसँग सम्बन्धित दृश्य, गतिविधि, भ्रमण तथा कार्यक्रमहरूलाई सर्वोच्च प्राथमिकतामा राख्दै आएको देखिन्छ । यस्ता राजसंस्थासँग सम्बन्धित कार्यक्रम तथा दृश्यहरूको एचएम (हिज मजेस्टी) समूहअन्तर्गत छुट्टै अभिलेख राखिएको छ । यसमा कुल

३६४ ओटा शीर्षकअन्तर्गत राखिएका अभिलेखमध्ये ७८ ओटा वृत्तचित्र छन् । यी वृत्तचित्रमा राजा, रानीलगायत राजपरिवारका सदस्यहरूका जीवनी, सिर्जनात्मक विधाहरूमा तिनको संलग्नता र योगदानका चर्चा, राजपरिवारलाई केन्द्रमा राखेर बनाइएका विभिन्न कार्यक्रमहरू प्रमुख छन् । त्यसकारण, वृत्तचित्र दर्ता गरिने डीपीको अभिलेख मात्र हेरेर नेपाल टेलिभिजनका वृत्तचित्रको परिमाणात्मक अवस्था थाहा पाउन सकिन्न । डीपी, एसपी र एचएम तीनै समूहमा दर्ता गरिएका वृत्तचित्रको कुल सङ्ख्या २,५१४ रहेको देखिन्छ ।

वृत्तचित्रलाई विभिन्न आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ । बुझ्न सजिलो होस् भनी यहाँ नेपाल टेलिभिजनका वृत्तचित्रलाई विषयगत आधारमा वर्गीकरण गरिएको छ । केही वृत्तचित्र एकभन्दा बढी विषयवस्तुलाई समेटेर बनाइएको पनि पाइन्छ । यस्ता वृत्तचित्रको वर्गीकरणको क्रममा विषयवस्तुको प्रधानतालाई नै आधार मानिएको छ । नेपाल टेलिभिजनका वृत्तचित्रहरूमा विद्यमान विषयगत विविधता तालिका ८.२ ले देखाउँछ । स्पष्ट देखिएका विषयका आधारमा यो तालिकामा २६ ओटा वर्गमा वृत्तचित्रहरूलाई राखिएको छ । यी कुनै पनि वर्गमा नपर्ने वृत्तचित्रलाई विविध शीर्षकमा अलग्गै वर्गीकरण गरिएको छ ।

विषयका दृष्टिले हेर्दा नेपाल टेलिभिजनका वृत्तचित्रमा विदेशी वृत्तचित्रलाई छोडेर सबैभन्दा ठूलो अंश (दस प्रतिशतभन्दा बढी) स्थान परिचय गराउने वृत्तचित्रले ओगटेका छन् । यस्ता वर्गमा प्रायः सबै जिल्लाका जनसाङ्ख्यिक विशेषता, प्रमुख सम्पदा, प्राकृतिक स्रोत साधनलगायतका सूचना समेटिएका वृत्तचित्र पर्दछन् । *हाम्रा गाउँघर, गाउँघर*लगायतका वृत्तचित्र शृङ्खलाहरू पनि यसै समूहमा राखिएका छन् । यस्ता वृत्तचित्रको उद्देश्य कुनै ठाउँ विशेषबारे दर्शकलाई जानकारी गराउनु रहेको पाइन्छ । यिनमा दर्शकको रुचि पनि अधिक भएको पाइन्छ । नयाँ स्थान, नयाँ संस्कृति, चालचलन, रीतिरिवाज, आदिबारे बुझ्ने चाहना नेपाल टेलिभिजनका दर्शकहरूले सर्वेक्षणमा व्यक्त गरेका थिए (नेपाल टेलिभिजन २०५२) ।

दर्शकका चाहना र मागबमोजिमका कार्यक्रम निर्माण गर्दै जाने नेपाल टेलिभिजनको प्रयास स्वरूप यस समूहका वृत्तचित्रको अंश सबैभन्दा ठूलो हुन पुगेको हो । यस वर्गका वृत्तचित्रहरूले ग्रामीण पर्यटन प्रवर्द्धन गर्न र आन्तरिक पर्यटनको विकासमा समेत महत्त्वपूर्ण भमिका खेलेको पाइन्छ । पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डले यस्ता वृत्तचित्र उत्पादनमा नेपाल टेलिभिजनलाई सघाउँदै आएका छन् । नेपाल टेलिभिजन भू-उपग्रहमार्फत प्रसारण हुन थालेपछि अङ्ग्रेजी भाषामा नेपालका पर्यटकीय आकर्षणका स्थलहरूबारे वृत्तचित्र बनाई विदेशी पर्यटकहरूलाई आकर्षण गर्न सकिने भएको छ ।

**तालिका ८.२ : नेपाल टेलिभिजनका वृत्तचित्रहरूको विषयगत वर्गीकरण**

| क्र.सं. | विषय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | स्थान परिचय | २६० | १०.३४ |
| २. | व्यक्तित्व, जीवनीमूलक | १८६ | ७.४० |
| ३. | सांस्कृतिक सम्पदा | १८५ | ७.३६ |
| ४. | संस्था परिचय | १८३ | ७.२८ |
| ५. | महिला | १३० | ५.१७ |
| ६. | विशेष वृत्तचित्र (एसपी) | १०५ | ४.१८ |
| ७. | पर्यटन | १०४ | ४.१४ |
| ८. | कला | १०० | ३.९८ |
| ९. | व्यापार प्रबर्द्धन | ८६ | ३.४२ |
| १०. | जनसरोकार | ८३ | ३.३० |
| ११. | धार्मिक | ८० | ३.१८ |
| १२. | राजसंस्था (एचएम) | ७८ | ३.१० |
| १३. | ऐतिहासिक | ७० | २.७८ |
| १४. | प्राकृतिक सम्पदा | ६८ | २.७० |
| १५. | स्वास्थ्य | ६५ | २.५८ |
| १६. | गैरसरकारी संस्था | ५१ | २.०३ |
| १७. | बालबालिका | ५० | १.९९ |
| १८. | विकास निर्माण | ४३ | १.७१ |
| १९. | जनजाति | ४० | १.६९ |
| २०. | शिक्षा | ३६ | १.४३ |
| २१. | विज्ञान/प्रविधि | ३५ | १.३९ |
| २२. | युवा | १७ | ०.६८ |
| २३. | प्राकृतिक प्रकोप | १७ | ०.६८ |
| २४. | खेलकुद | १४ | ०.५६ |
| २५. | दलित | ६ | ०.२४ |
| २६. | विविध | १२२ | ४.८५ |
| २७. | विदेशी[३] | ३०० | ११.९३ |
| **जम्मा** | | **२५१४** | **१००** |

स्रोत : दृश्य सङ्ग्रहालय, नेपाल टेलिभिजन, २०६५ ।

नेपाल टेलिभिजनले राष्ट्रिय जीवनका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने व्यक्तित्वहरूको जीवनीमूलक वृत्तचित्र निर्माणलाई उच्च महत्त्व दिएको तालिका ८.२ बाट झल्किन्छ । कुल सङ्ख्याको ७ प्रतिशतभन्दा बढी वृत्तचित्र यस वर्गमा परेका छन्, जुन वर्गीकरणको दोस्रो ठूलो हिस्सा हो । यस्ता वृत्तचित्रहरूको मुलुकको राजनीतिक व्यवस्था र मुलुकलाई शासन गर्ने राजनीतिक दलसँग

---

[३] नेपाल टेलिभिजन आफैंले उत्पादन नगरेको तर सङ्ग्रहालयमा रहेको ।

प्रत्यक्ष सम्बन्ध रहेको छ । सरकारमा रहेको राजनीतिक दल, उसले नियुक्त गरेको सञ्चालक समिति र व्यवस्थापनको प्राथमिकतामा परेका व्यक्तित्वहरूकै जीवनीमूलक वृत्तचित्र निर्माण र प्रसारण गरिन्छन् । तर व्यक्तित्वमूलक वृत्तचित्रका नियमित कार्यक्रमहरूका हकमा भने सधैँ यस्तो नभएर सम्बन्धित निर्माताको विवेकले निर्णय लिने अवसर पनि नेपाल टेलिभिजनमा रहेको छ । जीवनीमूलक वृत्तचित्रका लागि छनोट गरिने व्यक्तित्वको राजनीतिक आस्था छनोटको प्राथमिकतामा पर्ने एउटा प्रमुख तत्त्व बन्दै आएको छ । तर व्यक्तिले समाजमा पुऱ्याएको योगदानलाई पनि ध्यान दिइन्छ ।

यस वर्गका वृत्तचित्रलाई पनि गहिरिएर हेर्ने हो भने व्यापक क्षेत्रगत विविधता देख्न सकिन्छ । साहित्य, सङ्गीत, कला, अनुसन्धान, समाजसेवा, शिक्षण, राजनीतिक योगदान लगायत अनेकौँ क्षेत्रमा सक्रिय रही समाजलाई योगदान पुऱ्याउने व्यक्तित्वहरूको जीवनीमूलक वृत्तचित्र निर्माण र प्रसारण नेपाल टेलिभिजनबाट भएका छन् ।

वृत्तचित्रको तेस्रो ठूलो हिस्सा (७ प्रतिशतभन्दा बढी) सांस्कृतिक सम्पदासम्बन्धी वृत्तचित्रले लिएका छन् । यस्ता वृत्तचित्रले स्मारकहरू, दरबार क्षेत्र, मठ मन्दिर, जात्रा आदिका विविध पक्षलाई अनुसन्धानमा आधारित भएर दर्शकसामु प्रस्तुत गर्ने गरेका छन् । सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनका लागि जनसाधारणदेखि सम्बन्धित निकायहरूलाई झकझकाउने काम पनि यी वृत्तचित्रमार्फत गरिँदै आएको छ । यस वर्गका वृत्तचित्रमा देशमा कुना कन्दराका सांस्कृतिक सम्पदाहरूको हिस्सा भए पनि अधिकांश वृत्तचित्र राजधानी उपत्यका केन्द्रित छन् । यसो हुनुका मुख्य दुई ओटा कारण छन् । पहिलो कारणमा उत्पादनका सम्पूर्ण काम सिंहदरबारस्थित कार्यालयबाट सञ्चालन हुनु हो । नियमित कार्यालय समयमा अनुसन्धान, छायाङ्कन र सम्पादन कार्य गर्न सहज हुने भएकोले र केन्द्रमै उत्पादन गर्दा लगानी पनि कम पर्ने भएकोले सांस्कृतिक वृत्तचित्र राजधानी केन्द्रित हुन पुगेका हुन् । दोस्रो कारण जनशक्ति संरचनाले कार्यक्रमका विषयवस्तुमा पार्ने प्रभाव नै हो । नेपाल टेलिभिजनको कुल जनशक्तिको एक चौथाइभन्दा बढी हिस्सा नेवार समुदायले ओगटेको छ (उप्रेती सन् २००३) । राजधानीका सांस्कृतिक सम्पदा कुनै न कुनै रूपमा नेवार समुदायसँग सम्बन्धित र उनीहरूको चासोका विषय हुने भएकोले पनि वृत्तचित्र निर्माणका लागि छनोटमा परेका छन् ।

नेपाल टेलिभिजनका वृत्तचित्रहरूमध्ये चौथो ठूलो हिस्सा (करिब ७ प्रतिशत) संस्था परिचय गराउने प्रकृतिका वृत्तचित्रले ओगटेका छन् । नेपाल टेलिभिजनले

आर्थिक रूपमा आत्मनिर्भर हुन पनि अन्य संस्थाहरूको परिचय गराउने सम्बन्धित संस्थाको चाहनाबमोजिमका वृत्तचित्र शैलीमा कार्यक्रम उत्पादन र प्रसारण गर्दै आएको छ । खास गरी यस्ता 'कर्पोरेट प्रोपगाण्डा' वृत्तचित्र सम्बन्धित संस्थाका वार्षिकोत्सवका अवसरमा प्रसारण गर्ने गरिन्छ । यसबापत नेपाल टेलिभिजनले उत्पादन र प्रसारण शुल्क पनि लिने गरेको छ ।

वृत्तचित्रलाई सार्वजनिक सेवाको महत्त्वपूर्ण माध्यम मान्ने गरिन्छ (विन्स्टन सन् २०००) । यसैले सार्वजनिक संस्थाको रूपमा स्थापित नेपाल टेलिभिजनले सार्वजनिक सेवा प्रदायकका रूपमा आम जनताका सरोकारका विषयहरूलाई वृत्तचित्रमार्फत उठाउँदै आएको कुरा तालिका ८.२ ले देखाउँछ । आम सञ्चारको माध्यम टेलिभिजनमार्फत समाजका विभिन्न वर्गमा सूचना पुऱ्याउँदै उनीहरूको सशक्तीकरण गर्ने प्रयास नेपाल टेलिभिजनले गरेको छ । यसले महिला (५.१७%), बालबालिका (१.९९%), जनजाति (१.६९%), युवा (०.६८%) सँग सम्बन्धित विषयमा प्राथमिकतासाथ वृत्तचित्रहरू उत्पादन तथा प्रसारण गरेको छ । यसले दलितका विषयमा पनि वृत्तचित्र निर्माण गरेको छ । यद्यपि यस्तो वृत्तचित्रको प्रतिशत भने सबैभन्दा न्यून (०.२४ प्रतिशत) छ । राज्यका अन्य निकाय र अङ्गहरूमा झैँ दलितका विषयले नेपाल टेलिभिजनमा पनि कम महत्त्व पाएको तालिका ८.२ ले देखाउँछ ।

नेपाल टेलिभिजनले इतिहासका विभिन्न पक्षमा आफ्ना दर्शकलाई वृत्तचित्रमार्फत जानकारी गराएको छ । नेपाल टेलिभिजनका वृत्रचित्रमा यस्ता विषयको हिस्सा झण्डै ३ प्रतिशत रहेको छ । यस समूहअन्तर्गत राणाकालीन दरबार, शालिकलगायत राजनीतिक इतिहासलाई समेटेका झण्डै ६ दर्जन वृत्तचित्रहरू रहेका छन् । विकासका लागि सञ्चार भन्ने मूल नारा लिएर स्थापना भएको नेपाल टेलिभिजनले विभिन्न क्षेत्रमा भएका भौतिक संरचनाहरूलाई वृत्तचित्रमार्फत अभिलेखन गर्ने कार्य पनि गरेको छ । यस्ता विकास निर्माणअन्तर्गत वर्गीकृत वृत्तचित्रहरूको अंश झण्डै २ प्रतिशत रहेको छ ।

नेपाल टेलिभिजनको प्राथमिकतामा सधैँ परेको अर्को विषय धर्म हो । यस वर्गअन्तर्गत करिब ७ दर्जन वृत्तचित्रहरू बनेका छन् । यो कुल सङ्ख्याको ३ प्रतिशतभन्दा बढी हो । छिटपुट केहीलाई छोड्ने हो भने मूलतः हिन्दू धर्ममै केन्द्रित भएर यी वृत्तचित्रहरू बनेका छन् । नेपाल टेलिभिजनको इतिहासमा देश हिन्दू राष्ट्रका रूपमा संवैधानिक रूपमै रहनु र असी प्रतिशतभन्दा बढी जनसङ्ख्या यही धर्ममा आबद्ध भएको सरकारी आँकडा हुनुले पनि यस्तो भएको हो । अझ

महत्त्वपूर्ण कुरा त राज्यको गैर हिन्दू धर्मप्रतिको सोच त्यति सकारात्मक नहुनुको परिणाम पनि हो यो ।

नेपाल टेलिभिजनले आफ्ना दर्शकलाई कलासँग सम्बन्धित वृत्तचित्र निर्माण गरी देखाउनमा पनि उल्लेख्य लगानी गरेको तालिका ८.२ ले देखाउँछ । झण्डै ४ प्रतिशत वृत्तचित्र कलासँग सम्बन्धित छन् । यिनमा कलाका विभिन्न क्षेत्रहरू मूर्तिकला, चित्रकला, वास्तुकला, रङ्गमञ्चलगायत र परम्परागत एवं आधुनिक दुवै पक्षलाई समेटिएका छन् । यसअन्तर्गत कलाकारहरूको जीवनी तथा उनीहरूका योगदानलाई पनि उच्च महत्त्वका साथ अभिलेखन गरिएको पाइन्छ । यस्ता वृत्तचित्रमा *ललितकला* शृङ्खला उल्लेखनीय छ ।

नेपाल टेलिभिजनका वृत्तचित्रका विषयको महत्त्वपूर्ण अंशका रूपमा व्यापार प्रबर्द्धन पनि रहेको छ । ३ प्रतिशतभन्दा माथि अंश ओगटेको यो विषयअन्तर्गत नेपाली उत्पादनहरू गलैंचा, चिया, गरगहना, लत्ताकपडा, हस्तकलालगायतका सामग्रीहरूको बजार प्रबर्द्धन गर्ने उद्देश्यले निर्मित वृत्तचित्र रहेका छन् । यस्ता वृत्तचित्र व्यापार प्रबर्द्धन केन्द्र जस्ता सरकारी संस्थासँगको सहकार्यमा निर्माण गरी नेपाल टेलिभिजनले आय आर्जन पनि गर्दै आएको छ । यस्ता वृत्तचित्रको सङ्ख्या बढ्नुमा आय आर्जन र राष्ट्रिय दायित्व दुवैको योगदान रहेको पाइन्छ ।

नेपाल टेलिभिजनले जनसरोकारका विषयहरूलाई दिएको प्राथमिकता वृत्तचित्रहरूमा देख्न सकिन्छ । करिब सात दर्जन वृत्तचित्रमार्फत खानेपानी, यातायात, इन्धन आपूर्ति, महँगी, गुणस्तर नियन्त्रणलायतका समस्याहरूलाई नेपाल टेलिभिजनले उठाएको छ । यस समूहभित्र विभिन्न पेशामा संलग्न मूलतः न्यून आय भएका व्यक्तिहरूको जीवन शैली र त्यससँग जोडिएका सरोकारका विषयहरूमा निर्मित *मेरो अतीत मेरो वर्तमान*जस्ता वृत्तचित्र शृङ्खलासमेत रहेका छन् ।

नेपाल टेलिभिजनका वृत्तचित्रहरूको ठूलो हिस्सा ओगटेको अर्को विषय हो पर्यटन । राज्यको पर्यटन प्रबर्द्धन गर्ने नीतिअनुरूप नै नेपाल टेलिभिजनले पर्यटनका विविध पक्षमा १०४ ओटा (४% भन्दा बढी) वृत्तचित्र निर्माण गरेको छ । यस्ता वृत्तचित्र पर्यटकलाई रुचिकर हुन सक्ने प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पन्नता र भौतिक सुविधामा बढी केन्द्रित छन् ।

शिक्षा र खेलकुद विषयमा पनि वृत्तचित्र उत्पादन भएको देखिन्छ । अन्य विषयको तुलनामा शिक्षा (१.४३%) र खेलकुद (०.५६%) सम्बन्धी वृत्तचित्रको हिस्सा अलि कम नै देखिन्छ । यस्ता विषयहरू वृत्तचित्रमा भन्दा बढी नियमित कुराकानी र अन्य खाकाका कार्यक्रममा बढी समेटिने अभ्यास पाइन्छ ।

झण्डै ३ प्रतिशत वृत्तचित्र स्वास्थ्यसँग सम्बन्धित भएको नेपाल टेलिभिजनको दृश्य सङ्ग्रहालयमा रहेको तथ्याङ्कले देखाउँछ । *सञ्जीवनी* युनिसेफको सहयोगमा निर्माण गरिएको महत्त्वपूर्ण वृत्तचित्र शृङ्खला हो । बाल स्वास्थ्य, महिला स्वास्थ्यसँग सम्बन्धित थुप्रै वृत्तचित्रहरू यो वर्गभित्र पर्दछन् ।

गैरसरकारी संस्थासम्बन्धी वृत्तचित्रहरू पनि नेपाल टेलिभिजनमा रहेका छन् । संस्थाको परिचय, गतिविधि, तिनले विकास निर्माणमा पुऱ्याएको योगदान, आदि वृत्तचित्रका विषय बन्ने गरेका छन् । गैरसरकारी संस्था र समाज कल्याण परिषद्सँगका सहकार्यमा निर्मित यस्ता वृत्तचित्रको हिस्सा करिब दुई प्रतिशत रहेको छ । "गैरसरकारी संस्थाहरूको प्रगति विवरण देखाउने काम गर्दै आएका यस्ता वृत्तचित्रले नेपालमा वृत्तचित्रप्रतिको धारणालाई नै विकृत पार्ने" भन्ने सुवेदी (२०६३ : २२-२३) को तर्कसँग सहमत हुन यो तथ्याङ्कले दिँदैन । एक त धेरै ठूलो विविधता समेटेको नेपाल टेलिभिजनका वृत्तचित्रमा केवल २ प्रतिशत हिस्सा ओगट्ने यस्ता वृत्तचित्रले समग्र वृत्तचित्रको धारणा नै बदल्ने क्षमता राख्छन् भनेर मान्न कठिन छ । अर्को कुरा, यस्ता वृत्तचित्रमा पनि सबै नै निम्न कोटीका, वृत्तचित्रका मान्यताहरू अनुसरण नगरिएका र धारणालाई विकृत पार्ने खालका छन् भनेर पनि मान्न सकिने अवस्था छैन । निश्चित रूपमा यस्ता वृत्तचित्रमा आलोचनात्मक पक्ष कमजोर देखिन्छन्, सकारात्मक पक्षहरूलाई बढी नै उजागर गरिएका छन् । तर सार्वजनिक माध्यमबाट प्रगति प्रस्तुत गरेर पारदर्शिता र सुशासनका पक्षमा पनि यो माध्यमको प्रयोग भएको छ ।

नेपाल टेलिभिजनले प्राकृतिक प्रकोप र विपत्तिमाथि पनि वृत्तचित्र निर्माण गरिएको देखाउँछ । तर तिनको सङ्ख्या त्यति ठूलो भने छैन । यस्ता वृत्तचित्र नेपाल टेलिभिजनमा भएका कुल वृत्तचित्रमध्ये ०.६८ प्रतिशत छन् । २०४५ सालको भूकम्प, २०५० को दशकको सुरू ताकाका बाढीका घटनाहरू लगायत अन्य प्रकोपका विषयमा यस वर्गका वृत्तचित्र बनेका छन् ।

वृत्तचित्रका अर्को महत्त्वपूर्ण विषय विज्ञान प्रविधि रहेको छ । नेपालमा भएका विज्ञान प्रविधिका विकासलाई विषयवस्तु बनाएर नेपाल टेलिभिजनले ३ दर्जन वृत्तचित्र निर्माण गरेको छ । प्रविधि विकासको मेरुदण्ड हो भन्ने मान्यतालाई राष्ट्रिय टेलिभिजनले समेट्नु स्वाभाविक पनि हो । नेपाल टेलिभिजनमा वन, जडीबुटी, जलस्रोत, खनिज आदि विषय समेटेर प्राकृतिक सम्पदाका विषयमा पनि प्रशस्त (२.७%) वृत्तचित्रहरू बनेका देखिन्छन् ।

नेपाल टेलिभिजनको दृश्य सङ्ग्रहालयमा झण्डै १२ प्रतिशत विदेशी वृत्तचित्रहरूको अंश छ । वन्यजन्तु, प्राकृतिक र सांस्कृतिक सम्पदा, जीवन शैली,

वैज्ञानिक अनुसन्धान आदि विषयमा केन्द्रित वृत्तचित्रहरूको नेपाली अनुवाद पनि भएका छन् । *वर्ल्ड हेरिटेज, सिल्क रोड, प्राकृतिक जीवनचक्र, वाइल्ड अमेरिका* लगायतका महत्त्वपूर्ण वृत्तचित्र शृङ्खलाहरू नेपाल टेलिभिजनको दृश्य सङ्ग्रहालयमा छन् ।

तालिका ८.२ अनुसार नेपाल टेलिभिजनको दृश्य सङ्ग्रहालयमा भएका वृत्तचित्रहरूमध्ये ८८ प्रतिशत स्वदेशी विषयवस्तुमा बनेका नेपाली वृत्तचित्र हुन् । यी विषयगत समूहबाहेक झण्डै ५ प्रतिशत वृत्तचित्र अन्य विभिन्न विषयमा निर्मित छन् । *चाइनिज एक्रोव्याटिक, जापानी कोकेशी पुतली, जादू,* आदि शीर्षकमा विभिन्न विषयहरूमा यस्ता वृत्तचित्र बनेका छन् । धेरै ठूलो विषयगत विविधता भएका कारण अध्ययनको सजिलोको लागि विविध खण्डमा राखिएको हो ।

## नेपाल टेलिभिजनमा वृत्तचित्र निर्माणको अभ्यास र प्रवृत्ति

एक शताब्दीभन्दा लामो इतिहासमा वृत्तचित्रलाई एउटा जीवन्त विधा बनाउन सयौँ वृत्तचित्रकर्मीले विभिन्न प्रयोग गरेका छन् । वृत्तचित्रलाई 'यथार्थको सिर्जनात्मक व्याख्या' भन्दै सन् १९२० देखि जोन ग्रियरसनले अपनाएको 'स्तरीय शैली' र जिगा भर्तोवको उद्घोषकले पृष्ठभूमिबाट आलेख वाचन नगरी दृश्यहरू मात्र प्रस्तत गरिएको 'दृश्य शैली' प्रभावशाली प्रयोगहरू हुन् । साना र सजिलै बोकेर हिँड्न सकिने उपकरणको विकाससँगै सन् १९६० मा वृत्तचित्र निर्माणमा अमेरिकीहरूले सत्यको नजिक पुग्ने 'प्रत्यक्ष सिनेमा' शैलीको तथा फ्रान्सेलीहरूले वास्तविकतालाई जस्ताको तस्तै उतार्ने 'सिनेमा भेराइटे' शैलीको प्रयोग गरे । वृत्तचित्रको प्रस्तुतिमा कवितात्मक शैलीको उपयोग अर्को महत्त्वपूर्ण प्रयोग हो, (वेल्स सन् २००२) । वृत्तचित्र निर्माणका यस्ता विविध शैली र प्रयोगले यो विधालाई जीवन्त पारेको छ ।

विश्व परिदृश्यमा यस्ता थुप्रै प्रयोग वृत्तचित्र निर्माणमा देखिए तापनि नेपालको सन्दर्भमा नयाँ प्रवृत्ति स्थापित हुने गरी वृत्तचित्र उत्पादनमा प्रयोग अपनाइएको पाइन्न । तर राम्रा कथाहरूको संयोजन मात्र होइन, दक्षिण एसियामा विशिष्ट र फरक शैलीका उत्कृष्ट वृत्तचित्रहरू पनि बन्न थालेका छन् । दर्शकहरूमा पनि वृत्तचित्र विकासे काम हुन् भन्ने सोचमा परिवर्तन आएको छ (देवकोटा २०६४) । काठमाडौँमै सञ्चालित साउथ एसियन डकुमेन्ट्री फिल्म फेस्टिवल, आदिवासी चलचित्र महोत्सव, काठमाडौँ इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिवल लगायतका वृत्तचित्र मेलाहरूले माध्यमका बारेमा प्रशस्त छलफल चलाएका छन्

र खुराकी दिएका छन् निर्माताहरूलाई । विषय र कथा मात्र होइन कथा भन्ने ढङ्ग पनि फरक र आकर्षक हुनुपर्छ । प्रयोगात्मकतामा जोड दिएका फिल्महरूको मेलामा उल्लेख्य सङ्ख्याले पनि प्रस्तुति पक्षलाई महत्त्व दिएको प्रस्ट हुन्छ (भट्टराई र मैनाली सन् २००१; देवकोटा २०६४) ।

नेपाल टेलिभिजनकै कुरा गर्दा पनि केही वृत्तचित्र प्रयोगात्मक ढङ्गले नबनेका होइनन् । परम्परागत मान्यताबाट फरक रहँदै प्रस्तुतिमा नयाँपनको खोजी पनि हुँदै नभएको होइन । निर्माता र उद्घोषक आफैँ कठिन यात्रामा संलग्न भएर प्रस्तुत गरिएको *गुफा,* मुख्य व्यक्तित्वलाई सम्बन्धित स्थानमै उपस्थित गराएर संस्मरणको प्रस्तुति गरिएका केही व्यक्तित्वमूलक वृत्तचित्रहरू प्रयोगात्मकतामा जोड दिइएका वृत्तचित्रका उदाहरण हुन् । म्युजिक बिटमा दृश्यहरूलाई काट्दै, टेलिभिजन व्याकरणको सिर्जनात्मक उपयोग गरेर म्युजिक भिडियोका विशेषताहरूलाई वृत्तचित्रमा 'फ्युजन' गराई प्रस्तुत गरिएको वृत्तचित्र *मिसेज एचआइभी स्टिग्मा फ्रि २००५,* आफ्नो कथा आफैँ बताउने शैलीमा निर्माण गरिएका फरक स्वादको *वास्तविकता* शृङ्खला पनि प्रयोगात्मक वृत्तचित्रका नमुना हुन् । तर पनि टेलिभिजन वृत्तचित्रको मूलप्रवाहका रूपमा रहेको उद्घोषकले पृष्ठभूमिबाट आलेख वाचन गर्ने, त्यो आलेखसँग दृश्यहरू देखाइने र आवश्यकताअनुसार सङ्गीत मिश्रण गरिने ग्रियरसनियन शैली नै नेपाल टेलिभिजनको वृत्तचित्र निर्माणको स्थापित र मूल शैली हो । वृत्तचित्रको प्रस्तुतिमा विविधता नरहेको स्वीकार्छन् नेपाल टेलिभिजनका वृत्तचित्रकर्मीहरू । यसो हुनुमा परम्परागत शैलीको उपयोग, सिर्जनशील व्यक्तिहरूको अभाव, सिक्ने क्षमताको कमी, अनुसन्धानका लागि खर्चको अभाव, पर्याप्त समयको अभाव जस्ता कारणहरू जिम्मेवार रहेको उनीहरूको धारणा छ ।[४] जतिसुकै फरकफरक विषयमा वृत्तचित्र निर्माण गरिए पनि प्रस्तुतिको शैली भने सबैको उस्तैउस्तै नै देखिन्छ । निर्माता, क्यामेरापर्सन, आलेख लेखक सबै नै एउटै संस्थाभित्रबाट व्यावसायिक रूपमा हुर्किएका कारणले यस्तो भएको हुन सक्छ । सबैले लिएका तालिम र सिक्ने स्रोत लगभग उही नै भएकाले पनि यस्तो अवस्था आएको हुन सक्छ । टेलिभिजन वृत्तचित्रसम्बन्धी अधिकांश तालिमहरूमा उत्कृष्ट वृत्तचित्रको रूपमा मूल प्रवाहको वृत्तचित्रात्मक शैली नै प्रस्तुत गरिने भएकोले पनि ग्रियरसनियन शैलीलाई नै अनुसरण गरिएको होला । यसले गर्दा सबै वृत्तचित्रको प्रस्तुति र शैली उस्तैउस्तै लाग्छ ।

---

[४] क्यामेरापर्सन विजयउदय पाल्पाली, निर्माता दीपा गौतम, निर्माता नारायण श्रेष्ठ, दृश्य सम्पादक दिनेशकुमार शर्मा र दृश्य सम्पादक दीपकजङ्ग हमालसँगको अन्तर्वार्तामा आधारित ।

वृत्तचित्रको प्रस्तुतिमा नयाँपनको खोजी गर्ने भोक र जिज्ञासाको कमी भएको कारणमा वृत्तचित्रकर्मीहरूले व्यावसायिक तालिमका प्रशस्त अवसर प्राप्त गरे पनि प्राज्ञिक अन्तर्क्रियाहरूमा सहभागिताको अवसर नपाउनु पनि हो। वृत्तचित्र अध्ययन गर्ने प्राज्ञिक अवसरको कमी, प्राज्ञिक समीक्षाको अभ्यास नहुनु र संसारमा देखिएका प्रवृत्तिहरूसँग कम परिचित हुनु पनि नयाँपनको सिर्जनात्मक अभ्यासका लागि बाधक देखिएका कारणहरू हुन्।

नयाँ सिर्जना र प्रयोगको कुरा जहाँ हुन्छ, त्यहाँ संलग्न व्यावसायिक व्यक्तिहरू नै जिज्ञासु र कल्पनाशील हुनु पर्छ। निरन्तरको कल्पना, मस्तिष्क मन्थन र प्रयत्नद्वारा नै सिर्जनाको बीज अङ्कुराउँछ। त्यसलाई अभ्यासद्वारा मूर्त रूप दिइन्छ। सिर्जनाले समाजमा नवीन आयाम दिन्छ। वृत्तचित्र पनि सिर्जनशील कर्म हो। तर नेपाल टेलिभिजनका वृत्तचित्रकर्मीहरूमा सिर्जनाका लागि गरिने यस्ता प्रयासहरू पर्याप्त देखिँदैनन्। जब अन्तर्राष्ट्रिय टेलिभिजन संस्थाहरूले आफ्ना सदस्यहरूलाई वृत्तचित्र मेलाका लागि सहभागी हुन आवेदन पठाउँछन्, अनि केही वृत्तचित्रकर्मी जुर्मुराउँछन् र सीमित समयमा केही बनाउँछन् र पठाउँछन्। वृत्तचित्र निर्माण पछिल्लो समयमा नेपाल टेलिभिजनमा नियमित सिर्जनशील कार्य बन्न सकेको छैन। यहाँसम्म कि राजधानीमा वृत्तचित्र महोत्सव चलिरहँदा नेपाल टेलिभिजनका अधिकांश वृत्तचित्रकर्मीहरू बेखबर रहन्छन्। यी सबै कारणहरूले गर्दा प्रस्तुतिमा विविधता नआएको हो।

यद्यपि नेपाल टेलिभिजनका वृत्तचित्र प्रस्तुतिमा विविधता नभएको भन्ने भनाइप्रति असहमति राख्ने वृत्तचित्रकर्मी पनि छन्। निर्माता जीवनाथ धमला विविधता नभएको कुरामा असहमति राख्दै भन्छन्, "विविधता नदेखिएको होइन, उत्पादित वृत्तचित्रहरूमध्ये अधिकांशले उत्पादन गरेका वृत्तचित्रको विषयवस्तुहरूमा समानता भएकोले गर्दा एउटै शैली जस्तो देखिएको हुन सक्छ।" नेपाल टेलिभिजनमा विषयगत विशेषज्ञता वा बिटको चलन नभएर सबैले सबै विषयवस्तुहरूमा वृत्तचित्रहरू बनाउने अभ्यास गरिन्छ। धमलाको मूल्याङ्कनमा नेपाल टेलिभिजनले स्वेच्छाले आफ्नै लगानीमा उत्पादन गरेका वृत्तचित्रहरू निश्चय नै फरकफरक छन्। निर्माताहरू प्रत्येकको आ-आफ्नै शैली छ भन्ने उनको तर्क छ।[५]

प्रयोगात्मक नयाँ शैलीका वृत्तचित्र उत्पादन गर्नलाई अनुकूल वातावरण नभएको महसुस भने सबै वृत्तचित्रकर्मीहरूले गरेका छन्। निर्माता नारायण श्रेष्ठ "मेहनत गरेर बनाइएका वृत्तचित्रहरूको पनि कुनै मूल्याङ्कन र कदर नहुने

---

[५] निर्माता जीवनाथ धमलाले लिखित अन्तर्वार्तामा व्यक्त गरेको विचार।

वातावरण" रहेको बताउँछन् ।[६] नेपाल टेलिभिजन पछिल्लो दशकमा क्रमश: उत्पादन गृहबाट प्रसारण गृहको दिशातर्फ अघि बढिरहेको छ । सरकारबाट सञ्चालन खर्च प्राप्त नभएपछि आफ्नो प्रसारण समय निजी क्षेत्रलाई भाडामा दिएर आय आर्जन गर्ने नीति नेपाल टेलिभिजनको देखिन्छ । यस्तो नीतिअनुरूपको अभ्यासका कारण वृत्तचित्र उत्पादनले क्रमश: कम प्राथमिकता पाउन थालेको छ । प्रत्येक वार्षिकोत्सवका अवसरमा वर्षको उत्कृष्ट वृत्तचित्र घोषणा गरी वृत्तचित्रकर्मीलाई पुरस्कृत गर्ने प्रचलन बन्द भएको छ । तसर्थ वृत्तचित्र निर्माताहरू निरुत्साहित बनेका छन् ।

वृत्तचित्र उत्पादनका लागि अत्यावश्यक अनुसन्धान, आलेख लेखनलगायतका कामहरूका लागि पर्याप्त अतिरिक्त उत्पादन खर्च प्राप्त हुँदैन । केवल नियमित तलबकै भरमा नियमित समयमा काम गर्नुपर्ने बाध्यताले पनि वृत्तचित्रकर्मीलाई प्रोत्साहन मिल्न सकेको छैन । निर्माण गरिएका वृत्तचित्र पनि निश्चित समयसीमाभित्र तयार पार्नुपर्ने बाध्यता हुने हुनाले कतिपय बेला सम्झौता गर्नुपर्ने अवस्था पनि आउँछ । उत्पादनका क्रममा यी सीमाहरूका बीचबाट उत्पादन गरिएका वृत्तचित्रहरूले प्राइम टाइममा प्रसारण हुने अवसर प्राप्त गर्दैनन् । किनभने प्राइम टाइमका लगभग सबै समय निजी क्षेत्रलाई वार्षिक करार गरी बिक्री गरिसकिएको अवस्था हुन्छ । कम दर्शकहरूले हेर्ने समयमा प्रसारण हुने भएकाले प्राय: वृत्तचित्रकर्मीमा मेहनत गर्ने जाँगर उतिसारो हुँदैन । तर वृत्तचित्र निर्माणको वातावरण प्रतिकूल भएको नमान्ने वृत्तचित्रकर्मी पनि नेपाल टेलिभिजनमा छन् । दृश्य सम्पादक दीपकजङ्ग हमाल भने फरक मत राख्छन् । उनी भन्छन्, "वृत्तचित्र निर्माणका लागि वातावरण अनुकूल नै छ तर उपलब्ध साधन स्रोतको उपयोग गर्ने क्षमताको कमी देखिन्छ ।"[७] तीव्र गतिमा प्रविधिको नव प्रवर्तन (इन्नोभेसन्स) वा विकास भइरहने हुनाले वृत्तचित्र उत्पादनमा सक्रिय जनशक्तिले आफूलाई पनि बदलिँदो प्रविधिसँगको ज्ञान र तिनलाई अधिकतम प्रयोग गर्ने सीपको विकास गर्नु अनिवार्य हुन्छ ।

दुई दशकअघि भिएचएस (भिडियो होम सर्भिस) बाट उत्पादन सुरु गरेका नेपाल टेलिभिजनका वृत्तचित्रकर्मीले छोटो अवधिमै यू-म्याटिक, बेटा क्याम एसपी, वेटाक्याम एसएक्स, डीभी क्याम हुँदै अहिले डिजिटल सिग्नलमा काम गरिरहेका छन् । श्रव्य दृश्यहरूको सम्पादनमा पनि एनालग प्रणालीको लिनियर

---

[६] निर्माता नारायण श्रेष्ठले लिखित अन्तर्वार्तामा व्यक्त गरेको विचार ।

[७] दृश्य सम्पादक दीपकजङ्ग हमालले लिखित अन्तर्वार्तामा व्यक्त गरेको विचार ।

प्रविधिलाई छोडेर डिजिटल प्रणालीको ननलिनियर प्रविधिको प्रयोग भइरहेको छ । कुनै पनि प्रविधिको अधिकतम उपयोग गरी उत्कृष्ट उत्पादन लिन निश्चित रूपमा ती प्रविधिको क्षमता, सुविधा र तिनले दिन सक्ने नतिजाबारे ज्ञान राख्नैपर्ने हुन्छ । नेपाल टेलिभिजनका कतिपय वृत्तचित्रकर्मीहरू, जो पछिल्ला प्रविधिप्रति कम चासो राख्छन् र तिनको प्रयोगबाट उत्कृष्ट नतिजा लिने अभ्यास गर्दैनन्, को सन्दर्भमा भने दृश्य सम्पादक हमालको विचार सही देखिन्छ ।

नेपाल टेलिभिजनका वृत्तचित्रकर्मीहरू आफैं पनि वृत्तचित्रका स्तरप्रति सन्तुष्ट छैनन् । अन्तर्वार्ता गरिएका अधिकांशले नेपाल टेलिभिजनका वृत्तचित्र विश्वस्तरसँग दाँज्दा सामान्य रहेको विचार राखे ।[८] सीमित स्रोत, साधन र समय बीचमा नेपाल टेलिभिजनका वृत्तचित्रहरू कार्यालयका आवश्यकताअनुसार निश्चित उद्देश्य परिपूर्ति गर्न निर्माण गरिएका हुन् । त्यसो हुनाले नियमित कार्य तालिकामा विना गहिरो अनुसन्धान र विना अतिरिक्त लगानी बनाइने वृत्तचित्रको स्तर कमजोर हुनु अस्वाभाविक होइन । अर्को कुरा, सबै वृत्तचित्रहरूको यस्तै कमजोर स्तर छ भन्ने कुरा स्वयं वृत्तचित्रकर्मीहरू मान्दैनन् । निर्माता जीवनाथ धमला र क्यामेरापर्सन विजयउदय पाल्पाली केही वृत्तचित्र साँच्चै नै राम्रा र अन्तर्राष्ट्रिय स्तरका भएको मूल्याङ्कन गर्छन् । अन्तर्राष्ट्रिय वृत्तचित्र महोत्सव, वृत्तचित्र विनिमय कार्यक्रम तथा अन्य स्पर्धाहरूमा धेरै पटक नेपाल टेलिभिजनका वृत्तचित्रहरू छनोट र पुरस्कृत हुनुले धमला र पाल्पालीको दावीलाई पुष्टि पनि गरेको छ । यद्यपि नेपाल टेलिभिजनको वृत्तचित्र प्रस्तुतिको शैली मूलप्रवाहका टेलिभिजन शैलीभन्दा खासै फरक छैन । वृत्तचित्रकर्मीको मूल्याङ्कन र अनुभवमा शैलीमा विविधताको कमी हुनुमा अनुकूल वातावरणको अभाव रहेको छ भने अधिकांश वृत्तचित्रहरूको स्तर सामान्य रहेको छ ।

## *वृत्तचित्र प्रसारणको अभ्यास*

नेपाल टेलिभिजनले ठूलो सङ्ख्यामा वृत्तचित्रहरूको उत्पादन मात्र गरेको छैन, तिनको प्रसारण पनि गरेको छ । आफ्ना सबै उत्पादन सामान्यतया कम्तीमा दुई पटक प्रसारण भएका छन् । केही भने दुईभन्दा बढी पटक पनि प्रसारणमा आएको पाइन्छ । वृत्तचित्रहरूले प्रसारण हुने अवसर धेरै पटक प्राप्त गर्न विभिन्न कारणले भूमिका खेलेको हुन्छ । चाडपर्व, उत्सव, आदि सांस्कृतिक विषयका

---

[८] निर्माता दीपा गौतम, निर्माता नारायण श्रेष्ठ, दृश्य सम्पादक दिनेशकुमार शर्मा र दृश्य सम्पादक दीपकजङ्ग हमालसँगको अन्तर्वार्तामा आधारित ।

वृत्तचित्रहरू प्रत्येक वर्ष सोही तिथिमितिका नजिक खाली भएका स्थान (प्रसारण स्लट) मा प्राथमिकताका साथ प्रसारण गरिन्छ । उदाहरणका रूपमा *मच्छिन्द्रनाथको जात्रा, आदिनाथ, सपनतीर्थ,* गोसाइकुण्डसँग सम्बन्धित *धर्तीमा स्वर्ग, बराह क्षेत्र,* आदि वृत्तचित्रहरू सम्बन्धित स्थानमा मेला या जात्रा लाग्ने समयमा बर्सेनि प्रसारण गरिन्छन् ।

प्रसारणका लागि वृत्तचित्रको समयावधिले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । नेपाल टेलिभिजनले आफ्नो सुविधा र व्यापार प्रवर्द्धनको आवश्यकताअनुसार विभिन्न अवधिमा प्रसारण समयलाई विभाजित गरेको छ । वृत्तचित्रले सामान्यतया पुनः प्रसारणको अवसर पाउने भनेको खाली रहेको समयमा नै हो । यस्तो समयमा खाली रहेको समयावधिसँग मिल्ने वृत्तचित्रले नै प्राथमिकता पाउँछन् । उदाहरणको रूपमा ६:४५ देखि ७:०० बजे सम्मको समय खाली भयो भने त्यहाँ लगभग १५ मिनेट समयावधिका वृत्तचित्रहरूले नै प्राथमिकता पाउँछन् ।

राजनीतिसँग प्रत्यक्ष सम्बन्धित विषय र अप्रत्यक्ष रूपमा राजनीतिक चासोका विषयहरूले पुनः प्रसारणको अवसर अनुकूल राजनीतिक समयमा मात्र पाउने गरेका छन् । यस्ता विषय उठाउने वा प्रवर्द्धन गर्ने दल सत्तामा हुँदा पूर्व निर्मित वृत्तचित्रहरूले पुनः प्रसारणको अवसर प्राप्त गर्दछन् । जीवनीमूलक वृत्तचित्रहरूको पुनः प्रसारणका सन्दर्भमा पनि यही अवस्था समान रूपले लागू भएको देखिन्छ । खास राजनीतिक दल सत्तासिन हुँदा उनीहरूको चासोका वृत्तचित्रहरू कैयौँ पटक प्रसारण भएको र सत्ताबाहिर हुँदा थन्किएको पाइन्छ ।

नेपाल टेलिभिजनमा निर्माताको पदीय दायित्वले पनि वृत्तचित्रको पुनः प्रसारणमा असर परेको देखिन्छ। कार्यक्रम प्रसारणको निर्णय लिने ठाउँमा पुगेका निर्माताहरू सो पदमा रहुन्जेल उनीहरूले नै विगतमा बनाएका वृत्तचित्रहरू पटकपटक प्रसारण भएको पाइन्छ । कार्यक्रम तालिका बनाउने काममा सहयोगी भूमिका पाएका निर्माताले बनाएका वृत्तचित्र पनि पटकपटक प्रसारण भएका छन् । नेपाल टेलिभिजनका कर्मचारीहरूका चासोका वृत्तचित्रहरूले पनि पुनः प्रसारणको अवसर पाएका छन् । कर्मचारीसँग सम्बन्धित भूगोलका, संस्कृतिका र नातेदारसँग सम्बन्धित वृत्तचित्रहरूले पनि भनसुनका आधारमा पुनः प्रसारणका अवसर पाएका छन् । नेपाल टेलिभजनले अन्य सङ्घसंस्था वा निकायसँग सहकार्य गरी निर्माण गरिएका वृत्तचित्रहरू पनि सम्बन्धित संस्था वा निकायको अनुरोधमा पुनः प्रसारण हुने गरेका छन् ।

यी कुनै पनि तरिकामा नपरेका वृत्तचित्रहरूले प्रसारणको अवसर सामान्यतया दुई पटकभन्दा बढी पाउँदैनन् । यहाँ वृत्तचित्रहरूको पुनः प्रसारणको नीति

व्यवस्थित छैन । नेपाल टेलिभिजनले वृत्तचित्रहरूको पुनः प्रसारणको अभ्यास नीतिभन्दा पनि प्रचलनको आधारमा गर्दै आएको छ ।

## निष्कर्ष

टेलिभिजन माध्यमको एक मुख्य विधाका रूपमा वृत्तचित्र स्थापित छ र यसको उपयोग सिनेमाको इतिहासको प्रारम्भदेखि नै सूचना प्रवाहको महत्त्वपूर्ण माध्यमका रूपमा हुँदै आएको छ । आम जनताका चासोका विषयमा शिक्षा र सूचनामूलक अन्तर्वस्तुलाई प्रसारण गर्न यो विधाको उपयोग गर्दै नेपाल टेलिभिजनले जनहित बढाउने प्रयास गरेको छ । दुई दशकभन्दा लामो इतिहास भएको नेपाल टेलिभिजनले उत्पादन गरेका करिब २,५०० वृत्तचित्रले नेपाली टेलिभिजन उद्योगको ९२ प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन् ।

हाल (२०६५ साउन) सम्म उत्पादन भएका वृत्तचित्रहरूको कुल सङ्ख्यालाई हेर्दा ईमेज च्यानल दोस्रो र सगरमाथा टेलिभिजन तेस्रो स्थानमा देखिन्छ भने सबैभन्दा कम वृत्तचित्र उत्पादन गर्ने टेलिभिजन एभिन्यूज देखिन्छ । तर अझ गहिरो गरी वार्षिक उत्पादन औसत दरलाई हेर्ने हो भने तस्वीर अलि भिन्न देखिएको छ । औसत वार्षिक ११४ ओटा वृत्तचित्र निर्माण गरी नेपाल टेलिभिजन सबैभन्दा अघि छ भने सगरमाथा टेलिभिजन वार्षिक ४० ओटा वृत्तचित्र उत्पादन गरी समग्रमा दोस्रो र निजी क्षेत्रको अग्रणी बन्न पुगेको छ । त्यसै गरी टेलिभिजन वृत्तचित्र उत्पादन गर्ने तेस्रो श्रेणीमा एभिन्यूज टेलिभिजन रहेको छ । औसतमा सबैभन्दा कम उत्पादन गर्नेमा च्यानल नेपाल छ ।

नेपाल टेलिभिजनले उत्पादन र प्रसारण गरेका वृत्तचित्रहरूले व्यापक रूपमा विषयगत विविधतालाई समेटेका छन् । नेपाल टेलिभिजनको वृत्तचित्र उत्पादन गरेका २६ ओटा विषयमा सबैभन्दा बढी प्राथमिकता स्थान परिचयले र सबैभन्दा कम दलितसम्बन्धी विषयले पाएको देखियो । दर्शकहरूले स्थान परिचय हेर्न चाहेको सर्वेक्षणमा देखिनु, अन्य प्रयोजनका लागि कुनै ठाउँमा पुग्दा अतिरिक्त सामग्री सङ्कलन गरी सजिलै यस्तो वृत्तचित्र निमाण गर्न सकिनु र पर्यटनसँग सम्बन्धित निकायसँगका सहकार्यले निरन्तरता पाउनु ठूलो सङ्ख्यामा यस्ता वृत्तचित्र निर्माण हुनुका कारण हुन् । दलितसँग सम्बन्धित सबैभन्दा कम सङ्ख्यामा बन्नुका पछाडि राज्यद्वारा उपेक्षित वर्ग भएकोले सरकारी टेलिभिजनको चासोमा नपर्नु, दलितहरूको टेलिभिजन जनशक्तिमा नगण्य उपस्थिति हुनु र अन्य दलितसँग सम्बन्धित संस्थाहरूले पनि नेपाल टेलिभिजसँग वृत्तचित्र उत्पादनमा सहकार्यका लागि चासो नदिनु रहेका छन् ।

नेपाल टेलिभिजनले उत्पादन र प्रसारण गरेका वृत्तचित्रमा व्यापक विषयगत विविधता भए पनि तिनको प्रस्तुतिमा शैलीगत विविधता भने पाइँदैन । मूलतः आलेख वाचन गरी दृश्य प्रस्तुत गर्दै सङ्गीत र प्राकृतिक ध्वनि संयोजन गरिने ग्रियरसनीयन शैलीमा वृत्तचित्रहरू निर्माण गरिँदै आएको छ । शैलीगत विविधताको खोजी र प्रयोगात्मक अभ्यासको अपर्याप्त देखिन्छ । पर्याप्त उत्पादन खर्चको अभाव, समयसीमा र नियमित समयमा उत्पादन गर्नुपर्ने अवस्था, प्रोत्साहनको अभाव र सिर्जनशील क्षमतामा सीमा, आदिका कारण यस्तो हुन गएको हो । काम गर्ने वातावरणको अभावले उत्कृष्ट वृत्तचित्रहरू निर्माण गर्न सक्ने सम्भावनालाई सीमित पारेको अनुभव पनि नेपाल टेलिभिजनका वृत्तचित्रकर्मीहरूको रहेको छ ।

लामो इतिहास, उन्नत प्राविधिक क्षमता, दक्ष जनशक्ति र लगानी क्षमता हुँदाहुँदै पनि विश्व स्तरका वृत्तचित्रहरू पर्याप्त मात्रामा उत्पादन हुन नसकेको वर्तमान अवस्थाको समीक्षा गर्दै नेपाल टेलिभिजनले अनुकूल वातावरण सिर्जना गर्न सकेमा जेठो टेलिभिजनको रूपमा नेपाली टेलिभिजन उद्योगको वृत्तचित्र निर्माणमा नेतृत्व गर्न सक्षम हुनेछ । यसका अतिरिक्त नेपाली जीवनका विविध आयामहरूलाई यो प्रभावकारी विधाका माध्यमबाट विश्वका दर्शकहरू समक्ष पुऱ्याउन सक्नेछ ।

## सन्दर्भ सामग्री

देवकोटा, ज्योति । २०६४ । डकुमेन्ट्रीको मेला । *समय* ४(१७८) : ९४ ।

नेपाल टेलिभिजन । २०५२ । दर्शक सर्वेक्षण । अप्रकाशित प्रतिवेदन, काठमाडौँ ।

वर्मा, विजय । २०६३ । वृत्तचित्र निर्माणमा नयाँ आयामहरू । *टेलिआवाज* १(१) : २५-२६ ।

सुवेदी, अनुप । २०६३ । पर्दामा दलितको चित्रण । *रूपान्तरण : समाज अध्ययन* ३: १९-३८ ।

Acharya, Rajendra Dev. 2002. Television Broadcasting in Nepal and Nepal Television. In *Sight, Sound and Pulse.* P Kharel, ed., pp. 127-146. Kathmandu: Nepal Press Institute.

Belauvadi, Vasuki. 2008. *Video Production*. New Delhi: Oxford University Press.

Bhattarai, Binod. and Mohan Mainali. 2001. Documentery Film Making in Nepal. Paper presented in a seminar on ‘Development of Film Making and Documentary in Nepal’ held in Kathmandu on 22 November, organized by Nepal Forum of Environment Journalists and Friedrich Ebert Stiftung.

Gunter, Barrie. 2000. *Media Research Methods*. London: Sage Publications.

Karki, Chetan. 2002. Nepali Film Industry: Growth and Development. In *Sight, Sound and Pulse*. P Kharel, ed., pp. 77-126. Kathmandu: Nepal Press Institute.

Nelmes, Jill. 2002. *An Introduction to Film Studies*. London: Routledge.

Rosenthal, Alan. 1988. *New Challenges for Documentary*. Berkeley: University of California Press.

Stott, William. 1973. *Documentary Expression and Thirties America*. New York: Oxford University Press.

Upreti, Tanka. 2003. Representation of Ethnic Minorities in Nepal Television. Master's Degree Dissertation, London Metropolitan University.

Wells, Paul. 2002 .The Documentary Form; Personal and Social Realities. In *An Introduction to Film Studies*. J. Nelmes, ed., pp. 212-235. London: Routledge.

Winston, Brian. 2000. *Lies, Damn Lies and Documentaries*. London: BFI Publishing.